जि.प्रशा.का.ताप्लेजुङ द.नं. २५/२०७३/७४

सूचना तपाईको अधिकार

# उज्यालो पोष्ट

UJYALO POST NATIONAL DAILY

राष्ट्रिय दैनिक

वर्ष-६ ▪ अङ्क-१४० ▪ सोमबार १६ साउन २०७९ ▪ Monday 1 August 2022 ▪ पृष्ठ-४ ▪ मूल्य रु. ५ ▪ website-www.eujyalopost.com

## अग्निपीडितलाई जस्तापाता सहयोग

*•उज्यालो पोष्ट*

ताप्लेजुङ, साउन १५ । ताप्लेजुङको मेरिङ्देन गाउँपालिका-२ सान्थाक्रामा भएको आगलागी पीडित परिवारलाई नेपाल बौद्ध महायान केन्द्र कपन गुम्बाले करिव अढाइ लाख रुपैयाँ मूल्यको जस्तापाता उपलब्ध गराएको छ। हेल्पिङ हेण्डको सहयोग तथा नेपाल बौद्ध महायान केन्द्र कपन गुम्बा समन्वयमा आइतबार आगलागी पीडित परिवारलाई १८ बण्डल जस्तापाता हस्तान्तरण गरिएको हो।



ताप्लेजुङ बुङकुलुङ शेर्पा किदुङ काठमाडौंको सहजीकरणमा २ लाख ३४ हजार रुपैयाँ मूल्यको जस्तापाता पीडित परिवारलाई आइतबार पीडित परिवारलाई जस्तापाता हस्तान्तरण गरिएको छ। ताप्लेजुङ बुङकुलुङ शेर्पा किदुङका अभियान्ता पासाङरिता शेर्पाले नेपाल बौद्ध महायान केन्द्र कपन गुम्बा र हेल्पिङ हेण्डले यसअघि पनि ताप्लेजुङका बिपद् पीडितलाइ सहयोग प्राप्त भई बितरण भएको जानकारी दिनुभयो।

मेरिङ्देन गाउँपालिका अध्यक्ष युकहाङबीर (डम्बर) हाङ्गाम, फुङलिङ नगरपालिका-९ का वडाध्यक्ष लक्ष्मण गुरुङ, ताप्लेजुङ उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष दावा शेर्पा सहितको उपस्थितिमा आगलागी पीडितलाई जस्तापाता

.......बाँकी ३ पेजमा

## अर्थमन्त्रीमा पुनः शर्मा नियुक्त

*उज्यालो पोष्ट*



काठमाडौं, साउन १५ । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा जनार्दन शर्मालाई अर्थमन्त्री पदमा नियुक्त गर्नुभएको छ । आइतबार राष्ट्रपति भण्डारीले संविधानको धारा ७८ को उपधारा (९) बमोजिम शर्मालाई अर्थ मन्त्रालयको कार्यभार सम्हाल्ने गरी सो पदमा नियुक्त गर्नुभएको हो।

नवनियुक्त अर्थमन्त्री शर्माले आइतबार साँझ ५:३० बजे शीतल निवासमा शपथ ग्रहण गर्नुभएको छ। बजेट निर्माणको क्रममा अनधिकृत व्यक्तिलाई अर्थ मन्त्रालय बोलाएर करका दर हेरफेर गरेको आरोप लागेपछि उहाँले पदबाट राजीनामा दिनुभएको थियो।

सोही प्रयोजनका लागि संसदीय छानबिन विशेष समिति गठन भएको थियो। समितिको प्रतिवेदनले उहाँलाई निर्दोष सावित गरेपछि पुनः अर्थमन्त्री नियुक्त हुनुभएको हो। उहाँले असार २२ गते संसदीय छानबिन समिति गठन भए लगत्तै प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै राजीनामा घोषणा गर्नुभएको थियो।

११ सदस्यीय संसदीय छानबिन समितिले शुक्रबार सभामुख अग्निप्रसाद सापकोटालाई प्रतिवेदन बुझाएको थियो। सभामुखलाई प्रतिवेदन बुझाए लगत्तै छानबिन समितिका सभापति लक्ष्मणलाल कर्णले उक्त

.......बाँकी ३ पेजमा

## राष्ट्रिय परिचपत्र विवरण सङ्कलनमा अनियमितता

*उज्यालो पोष्ट*

ताप्लेजुङ, साउन १५ । महालेखा परीक्षकको कार्यालयले राष्ट्रिय परिचयपत्र बितरण अन्तर्गत नामावली संकलन अभियानका क्रममा केन्द्रबाट आउने टोलीलाई स्थानीय तहले खाना र खाजा खर्च बापतको रकम भुक्तानी गर्नु औचित्यहिन भएको बताएको छ।

मलेपको ५९ औं प्रतिबेदनमा गृह मन्त्रालय अन्तर्गतको कार्यक्रम रहेको राष्ट्रिय परिचयपत्रको नामावली संकलन कार्यमा खटिआएका व्यक्तिलाई खाना, खाजा र आवासको व्यवस्था गर्नुपर्ने आवश्यता र औचित्य नभएको उल्लेख गरिएको छ।

सम्बन्धित स्थानीय तहसँग असम्बन्धित काममा खर्च गरी थप व्ययभार पारेको भन्दै यस्तो

.......बाँकी ३ पेजमा

**सम्पत्ति विवरण समयमै बुझाऔं, जरिवानाबाट बचौं ।**

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्टसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष सुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आयो ! आयो !! आयो !!!
ताप्लेजुङमै फ्लेक्स प्रिन्टर आयो ।

विवाह, वर्थडे, पार्टी,
खेलकुद, सभा, सम्मेलन,
सेमिनार, गोष्ठी तथा
विभिन्न कार्यक्रमको
लागि आवश्यक ब्यानर
फ्लेक्स फोटो १० मिनेटमा तयार गरिन्छ।

दशैं तिहार १०% छुट तपाई नछुट्नु होला है।



साथै कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर विक्रि तथा मर्मत, खेलकुद सामाग्री, जर्सी प्रिन्ट, मग प्रिन्ट, विवाह कार्ड, निमन्त्रणा कार्ड र अन्य छपाई सम्बन्धी सम्पूर्ण कामहरुको लागि सम्पर्क गर्नुहोला ।

सम्पर्क :
नुमाफुङ साइबर सेन्टर
फुङलिङ-४, ताप्लेजुङ
फोन : ०२४-४६०७२३, ९८४४६६८६४१, ९८४२७०९६२१
E-mail: numafungcyber@gmail.com

**सम्पादकीय......................**

# न्यायिक समितिलाई क्रियाशील गराऊ

*स्थानीय तहलाई समेत संबिधानले न्यायिक निकायको रूपमा परिभाषित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रत्येक स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा तन सदस्यीय न्यायिक समिति रहने प्रावधान रहेको छ । न्यायिक समितिले ग्रामीण क्षेत्रमा भएका फौज्दारी घटनाबाहेक अन्य मेलमिलापयोग्य प्रकृतिका मुद्दा मामिलाहरूमा न्यायिक सहजीकरण गर्ने र भरसक मिलापत्र गरेर टुङ्ग्याउने कार्य गर्ने गर्छन् । प्रत्येक स्थानीय तहमा रहेका न्यायिक समितिले न्यायिक घटनाको निरूपणका लागि गर्ने यो प्रक्रियाले मुद्दा मामिलाको संख्यामा कम गर्ने तथा मेलमिलापद्वारा सामाजिक न्यायमा सहजता आउने विश्वास गरिएको छ । तर स्थानीय तहमा रहेका न्यायिक समितिले अझै पनि पूर्णता पाइसकेको अवस्था छैन । स्थानीय सरकार सञ्चालन ऐन अनुसार उपप्रमुख संयोजक रहेको न्यायिक समितिमा सम्बन्धित पालिकाका निर्वाचित सदस्यमध्येबाट सहमति भए सहमतिमा र सहमति हुन नसकेको अवस्थामा निर्वाचनद्वारा भएपनि न्यायिक समितिका सदस्य चयन गरी न्यायिक समितिलाई पूर्णता दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको पहिलो आवधिक कार्यकाल समाप्त भएर दोस्रो कार्यकाल सुरू भएपछि न्यायिक समिति पनि नयाँ रूपले चयन हुन्छ । यो प्रक्रियाले कतिपयले स्थानीय तहमा अझै पनि न्यायिक समितिका सदस्यहरूको चयन प्रक्रिया नै पूरा भएको छेन । न्यायिक समिति गठनमा जति ढिलाइ हुँदै जान्छ, न्यायिक समितिको कार्य सम्पादन प्रक्रियामा पनि उत्तिकै बिलम्बता सृजना हुन्छ । त्यसैले सबै स्थानीय तहले कम्तिमा साउन महिना भित्रै न्यायिक समितिलाई पूणता दिन जरूरी रहेको छ । साउनबाट नयाँ आर्थिक वर्ष सुरू भएको छ । नयाँ आर्थिक वर्षसँगै न्यायिक समितिको कार्य सम्पादनको क्रम समेत नयाँ वर्ष सुरू भए झैं हुन्छ । फेरी यहिबेला मुद्दा मामिला आएमा कसरी त्यसलाई किनारा लगाउने ? यो प्रश्न पनि गम्भीर रहेको छ ।*

*उपप्रमुख एक सदस्यीय समितिले मात्र यसलाई पूर्णता दिने कुरा पनि भएन । यो बेला समस्या सृजना हुन सक्छ । त्यसैले अब प्रत्येक स्थानीय तहले न्यायिक समितिलाई पूर्णता दिएर त्यहाँबाट सम्पादन हुने कार्यलाई अघि बढाउन जरूरी रहेको छ । यस कार्यमा ढिलाइ गर्नै हुँदैन । न्यायिक समितिले जति बढी सक्रियता देखायो, उति नै बढी समाजलाई बिभिन्न अवाञ्छित गतिविधिबाट जोगाउन सकिन्छ । त्यो दायित्व भनेको स्थानीय सरकारको हो । स्थानीय सरकारले न्यायिक समितिलाई सक्रिय बनाउने मात्र होइन, न्यायिक समितिले कार्य सम्पादन गर्ने बिषयका बारेमा पनि सम्बन्धित स्थानीय तहको क्षेत्रसम्म पुगेर न्यायिक समितिबारे अभिमुखीकरण गर्ने जरूरी रहेको छ । यसो गरेमा न्यायिक समितिको सक्रियता समेत हुने र कार्य सम्पदनमा सहजतासमेत हुने विश्वास गरिएको छ ।*

# खाद्य सुरक्षाको व्यवस्थापन

*...✍ लक्ष्मीविलास कोइराला*

विषय प्रवेशः संघीय संसद्मा बर्सेनि रासायनिक मलको आपूर्ति हुन नसकेको विषय उठ्ने र सरकारले सधैंझैं पूरा नहुने वाचा गर्ने प्रवृत्ति दोहोरिँदै गर्दा धादिङमा किसानहरूले मल बोकेर आएको ट्रकबाट मल खोसेर लिएको समाचार मिडियामा छायो । युक्रेन र रसियाबीचको युद्धले पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य अकासिएको कारण संसारभरका मध्यम र निम्न वर्गीय उपभोक्ताले दैनिक जीवनयापनको गम्भीर चुनौती बेहोरिरहेको यथार्थ हाम्रो सामु छ ।

***खाद्य सुरक्षा***

खाद्य सुरक्षा अहिलेको समाज तथा राजनीतिक आर्थिक परिघटनामा सबैभन्दा बढी चासो र छलफल भएको शीर्षक हो । खाद्यान्न उपभोग मानव स्वास्थ्य, मानव कल्याण र मानवको जिउँदो जीवनयापनका लागि नभई नहुने तत्व हो । सबै समयमा शारीरिक एवं आर्थिक रूपमा उत्पादक र स्वस्थ जीवनका लागि पर्याप्त र पोसिलो खाद्यमाथि सहज पहुँच हुनुलाई खाद्य सुरक्षा भनिन्छ । एउटा परिवार खाद्य सुरक्षित छ भनेको सपरिवार भोकै बस्नु नपर्ने र भोकको सम्भावनाको भयबाट मुक्त हुने अवस्था हो । अर्थात् खाद्य सुरक्षा भनेको निश्चित भूभागका निश्चित जनसंख्याका लागि आवश्यक क्यालोरी पूरा गर्ने खाद्यान्नको जोहो पर्याप्त हुनु हो । विश्व खाद्य सम्मेलन १९९६ ले मानिसको स्वस्थ र सक्रिय जीवनयापनका लागि सुरक्षित र पोषणयुक्त खाद्यान्नमा सहज पहुँच सुनिश्चित गरिएको अवस्थालाई खाद्य सुरक्षा भनी परिभाषा गरेको छ ।

***नेपालमा खाद्य सुरक्षाको अवस्था***

१५औं पञ्चवर्षीय योजनाले कुल राष्ट्रिय उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत रहेको र झन्डै ६० प्रतिशत जनसंख्या कृषि रोजगारमा संलग्न भएको प्रस्ट गरेको छ । नेपालको कृषि विकास रणनीति (२०१५-२०३५) ले नेपालमा १३ प्रतिशत जनसंख्या खाद्य असुरक्षाको अवस्थामा रहेको पुष्टि गर्छ भने ७७ जिल्लामध्ये ४२ जिल्लामा खाद्य असुरक्षाको अवस्था रहेको पनि दर्साउँछ । सुदूर र मध्यपहाडी क्षेत्रमा भोकमरीको समस्या उच्च छ भने तराईमा खाद्य बचत भए पनि कुपोषणको समस्या उच्च देखिन्छ । नेपालको डेमोग्राफी तथा स्वास्थ्य सर्भेक्षण, २०१६ ले ४८ प्रतिशत जनसंख्या वर्षभरि नै खाद्यान्न पुग्नेगरी सुरक्षित रहेका छन् र बाँकी २० प्रतिशत हल्का, २२ प्रतिशत मध्यम र १० प्रतिशत जनसंख्या खाद्यान्न गम्भीर असुरक्षाको अवस्थामा रहेको देखाएको छ । रणनीतिले र गरिब तथा अविकसित क्षेत्रमा बसोवास गर्ने परिवारका बच्चामा पुड्को र कम तौलको हुने दर उच्च रहेको सत्य पनि उजागर गरेको छ । सहरको जनसंख्याको तुलनामा गाउँको जनसंख्या गरिब समुदाय र अविकसित क्षेत्रमा बसोवास गर्ने जनसंख्यामा सामान्यतया खाद्यान्न उत्पादन हुने समयभन्दा अगाडिदेखि नै भोकमरीको समस्याले विकराल रूप लिने गरेको अनुभव हामीसँग छ ।

***खाद्य सुरक्षा सम्बन्धमा अनुभूत समस्या***

हाम्रो देशमा ६० प्रतिशत जनसंख्या कृषि पेसामा संलग्न हुँदा पनि हामी खाद्यान्नको अभाव र अभाव परिपूर्तिका लागि खाद्यान्नको आयात गरिरहेका छौं । विकसित मुलुकमा कुल जनसंख्याको ७/८ प्रतिशत जनसंख्या कृषि पेसामा संलग्न भएका हुन्छन् र ती देश नै खाद्यान्नमा आत्मनिर्भर रहेको देखिन्छ । त्यसमाथि झन् सन्तुलित भोजन वा आवश्यक क्यालोरी पूरा गर्न बर्सेनि दुग्धपदार्थ, अन्डा, मासु, फलफूल र तरकारी निर्यात गर्नुपर्ने अवस्था छ । एकातर्फ कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता सन्तोषजनक छैन भने अर्कोतर्फ कृषि उत्पादन मौसममा आश्रित छ । रासायनिक मलको उपलब्धता निरन्तर अनिश्चित हुनु, जमिनको खण्डीकरण गर्ने र जमिन बाँझो राख्ने प्रवृत्ति बढ्दै जानु र सिँचाइ सुविधा न्यून भएको कारण कृषि क्षेत्रको उत्पादन कम र अस्थिर हुनु पनि कृषि उत्पादनका समस्या हुन् । साथै, उन्नत कृषि प्रविधि, रासायनिक मल र बिउवीजनको प्रयोग नगन्य हुनाले अनाज मल, बिउको उत्पादन ह्रासोन्मुख छ । खाद्य गरिबी अर्थात् पोसिलो खानेकुरा पर्याप्त प्राप्त गर्न नसक्नु, किसानको अधिकार (कृषि उत्पादन तथा उत्पादनको प्रक्रिया र प्रणालीमा कृषकको नियन्त्रण) स्थापित हुन नसक्नु, कृषि उत्पादन र उत्पादकत्व अत्यन्त न्यून हुनु, कृषिको व्यवसायीकरण र विविधीकरण गर्न नसक्नु, समाजमा कृषि उद्यमशीलताको कमी हुनु र कृषि पेसाबाट पनि बाँच्न र कमाउन सकिन्छ भन्ने विश्वास स्थापित हुन नसक्नु, कृषि व्यवसायको बिमा सुविधा न्यून हुनु, सार्वजनिक क्षेत्रमा आपतकालीन राहतका लागि कृषि उत्पादनको भण्डार गर्ने व्यवस्थाको कमी रहनु, कृषि मजदुरको अभाव हुनु, परम्परागत खेती प्रणालीबाट कृषिको रूपान्तरण हुन नसक्नु, कृषिको यान्त्रिकीकरणको कमी, जलवायु परिवर्तनका नकारात्मक प्रभावको जोखिम व्यवस्थापन रणनीतिको अभाव, खेतीयोग्य भूमिमा सिँचाइ सुविधाको कमी तथा जग्गा बाँझो राख्ने प्रवृत्ति उच्च रहनु तथा समुदायमा आधारित कृषि सूचना प्रवाहको कमी खाद्यान्न उत्पादन र सुरक्षाको सम्बन्धमा देखिएका प्रमुख समस्या हुन् ।

***खाद्य सुरक्षा व्यवस्थापन गर्न चालिएका कदम***

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र खाद्य सम्प्रभुताको हक प्रदान गरेको छ । खाद्य सम्प्रभुताको हक भनेको देश तथा नागरिक दुवैलाई आफ्नो खाद्यान्न उत्पादन प्रणाली, उत्पादन तरिका, बजार तथा खाद्यान्न उपभोग संस्कृतिमाथि नियन्त्रण हुनु हो । खाद्य सम्प्रभुताले स्थानीय आवश्यकतानुसार खाद्यान्न उत्पादन र उपभोगलाई सुनिश्चित गर्छ । सारमा खाद्य सम्प्रभुता भनेको राष्ट्रिय उत्पादन र समान वितरण प्रणालीबाट नागरिकको खाद्य सुरक्षा सुनिश्चित गर्नु हो ।

***खाद्य सुरक्षा व्यवस्थापन रणनीति***

अपर्याप्त कृषि उत्पादन र पोषण खाद्यवस्तुको कमी भइरहेको परिस्थितिमा सन् २०३० सम्ममा जनतालाई सन्तुलित भोजन उपलब्ध गराउने लक्ष्य प्राप्त गर्न सजिलो छैन । योजना रणनीति बनाएर मात्र उपलब्धि हासिल हुनेवाला पनि छैन । खाद्य तथा पोषण सुरक्षा बहुआयामिक विषय भएकाले खाद्य सुरक्षाका लागि पनि बहुपक्षीय इमानदार प्रयास हुन जरुरी छ । खाद्यान्नको उत्पादन वा आयातले मात्र खाद्यान्नको राष्ट्रिय आवश्यकता परिपूर्ति गर्छ । स्थानीय उत्पादनले जनताको क्यालोरी आवश्यकता पूरा गर्न सक्यो भने त्यो अवस्था खाद्यान्नमाथिको आत्मनिर्भरता हो । खाद्यान्न आयात गर्नुपर्ने अवस्थाले देशको व्यापारघाटा बढाएको छ । खाद्यान्नको आयात नियन्त्रण गर्न कृषि उत्पादनको वृद्धि र समान वितरण, कृषिको विविधीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण अनिवार्य रणनीति हुन् । कृषि उत्पादनको लागत न्यूनीकरण तथा गुणस्तर विस्तारीकरणले कृषि व्यवसायलाई प्रतिस्पर्धी एवं आकर्षित पेसा बनाउँछ । उष्ण प्रदेशीयदेखि शीतोष्णसम्मको हावापानी भएको हाम्रो देशमा अनाजदेखि तरकारी फलफूल खेती गर्न हामीलाई सुविधा छ । पशुपालन, पन्छीपालन तथा माछापालन पनि कृषि उत्पादन प्रणालीका अन्तरंग पक्ष हुन् । बालीनालीका लागि कृषि भूमिको दिगो उपयोग,

.......*बाँकी ३ पेजमा*

## आजको राशिफल




ज्यो/पं. रमेश घिमिरे
सम्पर्क : ९७४१४७४०३५
फुङ्लिङ न.पा.४, न्यूरोड

**मेष** : आजबाट रोकिएको कार्य पुनः सुचारु हुन सक्छ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**बृष** : आज प्रयत्न गर्दा पनि उपलब्धि पाउन मुस्किल पर्नेछ । आर्थिक कारोबारमा मन्दी आउला ।

**मिथुन** : लामो समयदेखिका बाधाहरू स्वतः फुकुवा हुनेछन् । कुनै कुराले मनमा शान्ति छाउनेछ । सफल र लाभदायक यात्राको योग पनि छ ।

**कर्कट** : शुभ समाचार सुन्न पाइएला । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ ।

**सिंह** : आस मारेको काम बन्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । आँटेको र ताकेको कार्य पुरा हुनेछ ।

**कन्या** : मन भावुक र उत्ताउलो बन्नेछ, आफूलाई अनुशासित र संयम बनाउनु पर्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला ।

**तुला** : आज परोपकार तथा पुण्य आर्जन गर्न संलग्न भइनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**बृश्चिक** : आज नयाँ कार्यको योजना बन्नेछ । बोलीको प्रभाव बढ्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । स्वादिष्ट भोजन पनि पाइनेछ ।

**धनु** : आज कुनै कुराले मनमा शान्ति छाउला । धार्मिक र न्यायिक कार्यमा सफलता मिल्नेछ । अधूरा कामकाज पनि सहज हुँदै जानेछ ।

**मकर** : सामाजिक र पारिवारिक सम्बन्धमा चिसोपन देखिन सक्छ । मित्रहरूले वचन पूरा नगर्दा आर्थिक हैरानी बेहोर्नु पर्ला । घरायसी समस्या बढ्नेछ ।

**कुम्भ** : धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ । चलाखीपूर्ण बोलीले काम बन्नेछ । दैनिक कार्यमा प्रगति हुँदै जानेछ ।

**मीन** : आज धार्मिक, सामाजिक र राजनैतिक कार्यमा सफलता मिल्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । सन्तान सुख पनि मिल्नेछ ।

**अनुसुची-९**
**(नियम ७ को उपनियम (२) साग सम्बन्धित)**
**वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

माथिल्लो तमोर जलविद्युत आयोजनाको २२० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

*सूचना प्रकाशित मिति : २०७९/०४/१६*

प्रदेश नं. १, ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका १०, फक्ताङलुङ गाउँपालिका १ र मिक्वाखोला गाउँपालिका २ मा पर्ने गरी तमोर सानिमा इनर्जी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | तमोर सानिमा इनर्जी प्रा.लि.<br>धुम्बाराही, काठमाडौं<br>जी.पी.ओ. बक्सः १९७३७, काठमाडौं, नेपाल<br>फोन नं. : (९७७-१) ४३७२८२८, ४३७३०३०<br>फ्याक्स नं. : (९७७-१) ४०१५७९९<br>इमेलः tamorsanima@sanimahydro.com<br>वेबसाइट : www.uppertamor.com |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित माथिल्लो तमोर जलविद्युत आयोजनाको २२० के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन आयोजनाले हाल पूर्व निर्माण कार्य भइरहेको माथिल्लो तमोर जलविद्युत आयोजना (२८५ मे.वा.) को विद्युतीय ऊर्जालाई हाल निर्माणाधीन अवस्थामा रहेको मध्यतमोर जलविद्युत आयोजना (७३ मे.वा.) को स्विचयार्डमा पुर्याई, माथिल्लो तमोर जलविद्युत आयोजना र मध्यतमोर जलविद्युत आयोजनाबाट उत्पादित ऊर्जालाई संयुक्त रूपमा ताप्लेजुङ जिल्लाकै मैवाखोला गा.पा.स्थित नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन अवस्थामा रहेको ढुंगेसाँगु सबस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्ने योजना रहेको छ । यस २२० के.भी. डबल सर्किट प्रसारण लाइन मार्ग फुङ्लिङ नगरपालिका वडा नं. १० को सिस्ने मा प्रस्तावित माथिल्लो तमोर जलविद्युत आयोजना को स्विचयार्डबाट सुरु भई फक्ताङ्लुङ गाँउपालिका वडा न. १ हुँदै मिक्वाखोला गाउँपालिका वडा नं. २ मा पर्ने मध्यतमोर जलविद्युत आयोजनाको स्विचयार्डसम्म १३ वटा टावर निर्माण गरी पुर्याइने छ । यस प्रसारण लाइनको लम्बाई ४.७ किलोमिटर हुनेछ र यसले अधिकतम् ३५८ मे.वा. विद्युतीय ऊर्जा राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ ।<br>यस प्रस्तावका सम्बन्धमा मिति २०७९/०२/२८ गते का दिन फुङ्लिङ नगरपालिका वडा नं. १० मा अवस्थित गौरीशंकर आधारभूत विद्यालयको प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम गरी आयोजनाबाट प्रभावित घरधुरी, स्थानीय निकायहरु, स्वास्थ्य चौकी, विद्यालय, संघ/सस्था, स्थानीय राजनीतिक दल, नागरिक समाजको उपस्थितिमा आयोजनाको बारे जानकारीसमेत दिइएको थियो । |
| **प्रभाव पर्ने सक्ने**<br>**जिल्ला तथा न.पा/गा.पा.** | **प्रभावित जिल्लाः** ताप्लेजुङ<br>**प्रभावित प्रशासनिक क्षेत्रः** फुङ्लिङ नगरपालिका १०, फक्ताङ्लुङ गाउँपालिका १ र मिक्वाखोला गाउँपालिका २<br>**प्रभावित घरधुरी** : ३६ घरधुरी |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली र सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा नगरपालिका र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना टाँस भएको मितिले सात दिनभित्र निम्न ठेगानामा पुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| तमोर सानिमा इनर्जी प्रा.लि.<br>धुम्बाराही, काठमाडौं<br>जी.पी.ओ. बक्सः १९७३७ नेपाल<br>सम्पर्क<br>फोन नं. : (९७७-१) ४३७२८२८,४३७३०३०<br>फ्याक्स नं. : (९७७-१) ४०१५७९९<br>इमेल : tamorsanima@sanimahydro.com<br>वेबसाइट : www.uppertamor.com | सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि.<br>धुम्बाराही, काठमाडौं<br>जी.पी.ओ. बक्सः १९७३७ नेपाल<br>सम्पर्क<br>फोन नं. : (९७७-१) ४३७२८२८,४३७३०३०<br>फ्याक्स नं. : (९७७-१) ४०१५७९९<br>इमेल : engineering@sanimahydro.com<br>वेबसाइट : www.sanimaengineering.com |

# दुई सय बढी स्थानीय तह निमित्तकै भरमा

*उज्यालो पोष्ट*

काठमाडौं, साउन १६ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अझै पनि गैरकानुनी रूपमा २ सयभन्दा बढी स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई नै जिम्मेवारी दिँदै आएको छ । सामान्यले शाखा अधिकृत

....*बाँकी अन्तिम पेजमा*

## अग्निपीडित....

हस्तान्तरण गरिएको छ । गत साउन २ गते मेरिङ्देन गाउँपालिका-२ खाम्साक्पाको रेजुङ शेर्पाको १७ जनाको परिवार रहेको घरमा बिद्युत सर्ट भइ सुरु भएको आगोले ५ वटा घर पूर्ण रुपमा क्षति भएको गाउँपालिकाले जनाएको छ ।

आगलागीका कारण ति घरहरुमा रहेका नेपाल शेर्पासंघको मेरिङ्देन गाउँपालिकाको कार्यालय, नेपाल शेर्पा संघ वडा नं २ को कार्यालय, खाम्साक्पा सेवा समाजको कार्यालय, ञ्युङ्जेन समितिको कार्यालय, नेपाली काँग्रेस वडा नं २ को कार्यालय र साङ्ष छ्योलिङ गुम्बा समेतमा क्षति भएको थियो । सो आगलागीबाट आगलागीबाट १ करोड ५९ लाख लाख ६० हजार ४०० रुपैयाँ बराबरको क्षति भएको विवरण सङ्कलन भएको छ ।

## राष्ट्रिय...

खर्चलाई नियन्त्रण गर्न मलेपले देशभरका स्थानीय तहलाई निर्देशन दिएको छ । राष्ट्रिय परिचयपत्र बितरण कार्यक्रम अन्तर्गत २०७८ साल बैशाख ९ गते देखि २१ गतेसम्म अभियान सञ्चालन भएको थियो ।

ताप्लेजुङमा भने अभियान सञ्चालनकै क्रममा जिल्ला प्रशासन कार्यालयमा भएको पालिका प्रमुखहरुसमेत सामेल बैठकमा राष्ट्रिय परिचयपत्रका लागि केन्द्रबाट आएको टोलीले सम्बन्धित स्थानीय तहमा खटिइ जाने जनशक्तिका लागि आवास, खाना र खाजाको प्रवन्ध गरिदिन पालिका प्रमुखहरु समक्ष प्रस्ताव गरेका थिए ।

मलेप प्रतिवेदनअनुसार यो टोलीका लागि खाना, खाजा र आवासबापत फुङ्लिङ नगरपालिकाले १ लाख ६३ हजार र आठराई त्रिबेणी गाउँपालिकाले १ लाख २८ हजार रुपैयाँ भुक्तानी गरेका छन् ।

## अर्थमन्त्रीमा....

प्रतिवेदन प्रतिनिधिसभामा पेश गर्नुभएको थियो ।

तत्कालीन अर्थमन्त्री शर्माले आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणका क्रममा जेठ १४ गते राति अनाधिकृत व्यक्ति प्रवेश गराएर करका दर हेरफेर गराएको भन्दै समाचार बाहिरिएपछि प्रतिनिधि सभाले संसदीय छानबिन विशेष समिति गठन गरेको थियो । समितिले निर्धारित १० दिनमा काम सम्पन्न नगरेपछि साउन ५ गते थप ७ दिन समय थप गरिएको थियो । समितिले करका दर हेरफेरमा अनधिकृत व्यक्तिको प्रसंग असान्दर्भिक भएको निष्कर्ष निकालेको थियो ।

## खाद्य सुरक्षा...

भरपर्दो सिँचाइ सुविधाको विस्तार, कम पानीमा फल्ने तथा जलवायु परिवर्तनको प्रभाव बेहोर्न सक्ने खेतीपातीको विकास, रासायनिक मलको सहज आपूर्ति, उन्नत बिउ र कीटनाशक औषधिको कुशल उपयोग, कृषकका लागि कृषि उत्पादनको सुरक्षित भण्डारण र बजारको सहज उपलब्धता, राष्ट्रिय खाद्य बैंक स्थापना खाद्य गरिबका लागि सुरक्षा जालो, कृषि उत्पादनको न्यूनतम समर्थन मूल्यको समयमा निर्धारण, कृषि बिमाको विस्तारीकरण, कृषि पेसाप्रति शिक्षित युवा आकर्षित गर्ने रणनीति खाद्यान्न उत्पादन वृद्धिका आधारभूत तत्व हुन् । संक्षेपमा, खाद्य असुरक्षा वा खाद्य संकटले खाद्यान्नको कम उत्पादन, खाद्यान्नको व्यापारमा अवरोध तथा खाद्यान्न सञ्चय नगर्ने प्रवृत्तिका कारण पैदा हुने गर्छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा आउने र आएका आर्थिक राजनीतिक उथलपुथलले खाद्यान्नको मूल्यमा हुने वृद्धिले नेपाली समाज पनि आक्रान्त छ । यस अवस्थामा देशमा भण्डार गरिराखेको खाद्यान्न वा खाने तेल भएको भए महँगीको आक्रमणबाट हामी केही समय केही हदसम्म सुरक्षित हुने थियौं र अनाज उत्पादनको चक्र घुमिरहने भएकाले दिगो व्यवस्थापन गर्न पनि सक्षम हुने थियौं । तर, हाम्रो सञ्चय क्षमताको अभावले महँगीको मार खेपिरहेका छौं । यसै उदाहरणको वरिपरि रहेर खाद्यान्न उत्पादन, आपूर्ति तथा खाद्य सुरक्षाको नीति, योजना र कार्यक्रमको निर्माण र कार्यान्वयन बढी यथार्थ हुने देखिन्छ ।

*राजधानी अनलाइनबाट*

*जि.हु.का. ताप्लेजुङ द.नं. १/२०७३/०७४*

**उज्यालो पोष्ट** राष्ट्रिय दैनिक | वर्ष ६ अंक १४० | सोमबार १६ साउन २०७९ | अन्तिम पृष्ठ | Aug 1/ 2022 | ४

# ग्रेडवृद्धि परीक्षा भदौ ११ र १२ गते हुने

*उज्यालो पोष्ट*

काठमाडौं, साउन १५ । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको एसईईको ग्रेडवृद्धि परीक्षा भदौ ११ र १२ गते सञ्चालन हुने जनाएको छ । ग्रेडवृद्धि परीक्षामा सहभागी हुन चाहने विद्यार्थीले भदौ ५ गतेसम्म फाराम भरेर विद्यालयमा बुझाउनुपर्ने छ । सी वा सी भन्दा कम ग्रेड प्राप्त गरेको विषयहरुमध्ये विद्यार्थीले आफूले चाहेको बढीमा दुई विषयसम्म वा बढीमा दुई विषयसम्म अनुपस्थित रहेको भए ग्रेडवृद्धि परीक्षा दिन पाउने छन् ।

बोर्डले आइतबार ग्रेडवृद्धि परीक्षाको समय तालिका समेत सार्वजनिक गरेको छ । भदौ ११ र १२ गते बिहान ८ बजेदेखि ग्रेडवृद्धि परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले जनाएको छ । बोर्डले गत बुधबार २०७८ को एसईईको नतिजा सार्वजनिक गरेको थियो ।

## दुईसय बढी....

दरबन्दी रहेका १ सय ३० स्थानीय तहमा 'कन्फर्म शाखा अधिकृत' लाई नपठाएर 'जुनियर कर्मचारी'लाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको छ । तीमध्ये अधिकांश कर्मचारी स्थानीय तहमा समायोजन भएर गएका अहेब तथा कृषि, शिक्षा, स्वास्थ्य, भेटेनरी सेवाका खरिदार तथा सुब्बास्तरका कर्मचारी छन् ।

त्यस्तै, उपसचिव दरबन्दी रहेकामध्ये १ सय २५ स्थानीय तहमा 'कन्फर्म'को साटो निमित्तका रूपमा अधिकृतहरूलाई जिम्मेवारी दिइएको छ । जबकि, सिंहदरबारमा दर्जनौं उपसचिव अझै पनि जिम्मेवारी नपाएर बरन्डामा समय बिताउन विवश छन् । दरबन्दी रहेका अधिकांश उपमहानगर पालिकासमेत सहसचिवलाई नपठाएर निमित्त प्रशासकीय अधिकृतका भरमा सञ्चालन भइरहेका छन् । स्रोतका अनुसार 'कन्फर्म' नपठाएर 'निमित्त' बनाएर पठाइएका ठाउँमा अत्यधिक आर्थिक लेनदेन हुने गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा 'देशभरका सबै प्रमुख प्रशासकीय अधिकृतमा प्रशासन सेवाका कर्मचारी रहने' व्यवस्था गरिएको छ । तर, कयौं स्थानीय तहमा प्रशासन सेवाका कर्मचारी नराखी कृषि, शिक्षा, भेटेनरी, स्वास्थ सेवाका कर्मचारीलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ विपरीत प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइँदै आएको छ ।

मन्त्री, विभिन्न राजनीतिक दलका नेता, उच्चपदस्थको सोर्सफोर्स तथा आर्थिक चलखेलका कारण नियमविपरीत निमित्तको जिम्मेवारी दिइएको हो ।

# मैवाखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**साँघु, ताप्लेजुङ**

**स्था : २०७३**

**(१ नं. प्रदेश नेपाल)**

## मैवाखोला गाउापालिकाको आ.व.२०७९/८० को आन्तरिक आय सङ्कलन गर्ने ठेक्का आह्वान सम्बन्धी सूचना !

*(दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/१६)*

यस गाउँपालिकाले आ.व. २०७९।८० को लागि आन्तरिक आय सङ्कलन गर्न प्रथम पटक मिति २०७९।०३।२३ मा प्रकाशित सूचनाअनुसार रीतपूर्वकको दरभाउपत्र दर्ता हुन नसकेकोले उक्त ठेक्कामा सहभागी भई दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाअनुसार दरभाउपत्र फाराम मिति २०७९ साल साउन २१ गते कार्यालय समयभित्र खरिद गरिसक्नुपर्ने र मिति २०७० साल साउन २२ गते दिनको ठीक १२:०० बजे सम्ममा यस गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ ।

**देहाय :**

| क्र.सं | ठेक्काको नाम | ठेक्का नम्बर | न्यूनतम् कबोल | रकम धरौटी रकम (कबोल अंकको) | फर्म खरिद शुल्क (रु) |
|---|---|---|---|---|---|
| १ | जडीबुटी कवाडी र जीवजन्तु निकासी | MRM/BK/078/079/01 | १,५०,०००।- | ५% | १,०००।- |
| २ | स्थानीय पूर्वाधार सेवा उपयोग शुल्क सङ्कलन | MRM/BK/078/079/02 | ३०,०००।- | ५% | १,०००।- |
| ३ | साँघुपाटी नरहाट हरिया कर सङ्कलन | MRM/BK/078/079/03 | १,५०,०००।- | ५% | १,०००।- |
| ४ | खोलाखेत फट्याङ्ग्रे वडा नं १ (गिटी, बालुवा, ढुङ्गा, रोडा) | MRM/BK/078/079/04 | ५०,०००।- | ५% | १,०००।- |
| ५ | वडा नं २ र ५ को सीमा खार्ते क्षेत्र मैवाखोला र नेरुवाखोला (गिटी, बालुवा, ढुङ्गा, रोडा) | MRM/BK/078/079/05 | ५०,०००।- | ५% | १,०००।- |
| ६ | थुकियादो मैवाखोला वडा नं ६ (गिटी, बालुवा, ढुङ्गा, रोडा) | MRM/BK/078/079/06 | १,००,०००।- | ५% | १,०००।- |
| ७ | हेलुङ्गा खोला वडा नं ६ (गिटी, बालुवा, ढुङ्गा, रोडा) | MRM/BK/078/079/07 | ३०,०००।- | ५% | १,०००।- |

**नोट** : यस सम्वन्धी सूचना मैवाखोला गाउँपालिकाको सूचना पाटी, website: www.maiwakholamun.gov.np र facebook: maiwakholarm@gmail.com मा समेत प्रकाशित भएको जानकारी गराइन्छ ।

***मैवाखोला गाउँ कार्यपालिकाको कार्यालय,***
***साँघु ताप्लेजुङ***



# युनिभर्सल इन्ष्टिच्युट

**उपलब्ध सेवा :-** विभिन्न लेबलको कम्प्युटर कक्षा, ट्युसन कक्षा, डेक्सटपिङ, फोटोकपी, लेमिनेशन, छिटो छरितो र बजारकै सस्तो मूल्यमा पासफोटो खिचाई र अर्डरअनुसारको अन्य कामको लागि सधैं सम्झनुहोस ।

**प्रोपाइटरः** *विष्णुकुमार लिम्बू* **सम्पर्क :** *०२४-४६०७३७*
**मोबाइल :** *९८४२६८७१५३* **फुङलिङ नगरपालिका-५ वीरेन्द्र चौक (बैङ्क लाइन)**

# तमोरमेवा यातायात सेवा प्रालि

सदरमुकाम फुङ्लिङबाट लामो यात्राका लागि बिर्तामोड, धरान, काठमाडौंसहित ताप्लेजुङका बिभिन्न ग्रामीण क्षेत्रमा जानु परे हामी सधैं हाजिर छौं ।



*गाडी छुट्ने समय*

**धरान :** बिहान : ५:३० बजे, **दोभान-बिर्तामोड** : ५ बजे ।

*बिर्तामोड :*

पहिलो-६:०० बजे, दोस्रो ६:३० बजे, तेस्रो-७:०० बजे, चौथो- ९:३० बजे

*लोकलतर्फ* :- **साब्लाखु, तेल्लोक, सुरुम्खिम** : बिहान ५:५० बजे, **हाङ्पाङ** : दिनको २ बजे, **निघुरादिन** : दिनको २ बजे, **चाँगे** : दिनको २ बजे, **साँघु** : दिनको २ बजे, **फाकुम्बा** : दिनको २ बजे, **लिबाङ** : दिनको २:३० बजे, **थेचम्बु** : दिनको ३ बजे ।

√ *थेचम्बू-डुम्रिसे सम्पर्क : ९८२४००२००५*

• **काउन्टर सम्पर्क : ०२४-४६००१०**

***काउन्टर इन्चार्ज, अमिर : ९८१६००८९५४, ९८४८२७३५१४***


# जनहितमा जारी सार्वजनिक सन्देश !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा, मालपोत दस्तुर तथा व्यवसाय कर आदि समयमै बुझाऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइँ सराइजस्ता व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरौं ।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घरआँगनबाट उत्पन्न फोहोरमैलालाई उचित ठाउँमा व्यवस्थापन गरौं ।
- कुनैपनि व्यापार, व्यवसाय गर्दा इजाजत पत्र लिएर मात्र गरौं साथै उपभोक्ता आचारसंहिता पालना गरौं ।
- बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्था वा तोकिएको केन्द्रमा लगी सबै खोप नियमित लगाऔं र बालबालिकामा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं ।
- उमेर नपुगेका बालबालिकालाई श्रममा होइन, अनिवार्य विद्यालय पठाऔं ।
- छोरा र छोरीमा भेदभाव नगरौं ।
- महिला हिंसाका घटना न्युनिकरण गर्न आ-आफ्नो ठाउँबाट पहल गरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं, आवश्यक रेखदेख तथा सहयोग पुऱ्याऔं ।
- विकास निर्माणका कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- कृषिको व्यवसायीकरण गरौं, जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

**सिरिजङ्घा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेल्लोक, ताप्लेजुङ**

**उज्यालो पोष्ट राष्ट्रिय दैनिकका लागि** प्रकाशक :- *चन्द्रबहादुर पन्दाक ९८५२६८१७६५* सम्पादक :- *खगेन्द्र अधिकारी ९८४२६६०७०२* **बजार व्यवस्थापक** : *टीकामाया यक्सो ९८२४१९८२०१७*
वितरकः *बसन्त लाबुङ* मुद्रण :- *न्यू पाथीभरा प्रिन्टिङ प्रेस वीरेन्द्रचौक,* कार्यालयः- *फुङ्लिङ नगरपालिका-४,* फोन :*०२४-४६०३६२,* Email:- *ujyalopost@gmail .com*